BUTWAL POWER COMPANY LIMITED

# बुटवल पावर कम्पनी लिमिटेड

## संक्षिप्त वार्षिक प्रतिवेदन २०६८



www.bpc.com.np

# बुटवल पावर कम्पनी लिमिटेडको

## (१९ औं वार्षिक साधारण सभा सम्वन्धि सूचना)

शेयरधनीज्यू,

मिति २०६८/९/८ (तदनुसार २३ डिसेम्वर २०११) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको १९ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गर्न बस्ने भएको हुंदा स्वयं वा प्रतिनिधि मार्फत साधारण सभामा भाग लिन उपस्थितिको लागि अनुरोध छ ।

**साधारण सभा हुने मिति, स्थान र समय:**

**मिति:** २०६८ माघ ३ गते मंगलवार (तद्नुसार जनवरी १७, २०१२) ।
**स्थान:** स्टार भेन्यु नारायण चौर, साई बाबा मन्दीरको छेउमा  नक्साल, काठमाण्डौं ।
**समय:** विहान ११:०० बजे

### छलफलका विषयहरू :

१. संचालक समितिको वार्षिक प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६८ आषाढ मसान्तको वासलात तथा आ.व. २०६७६८ का वार्षिक नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०६८/६९ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूंजीको २५% नगद लाभांश स्विकृत गर्ने ।
५. विशेष प्रस्ताव : कम्पनीको जारी पूँजी वृद्धी गर्न प्रवन्धपत्रमा शंसोधन गर्ने ।
६. विविध ।

### साधारण सभा सम्बन्धी सामान्य जानकारी :

१. साधारण सभाको प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०६८ पौष १९ गते मङ्गलवार देखि २०६८ माघ ३ गते मङ्गलवार सम्म बन्द रहने छ ।
२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र

(प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, वुद्धनगर, काठमाण्डौ मा सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि अर्थात २०६८।९।२९ गते अपरान्ह ५ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ। शेयरवालाको नाम, शेयर संख्या र दस्तखत नमिलेको प्रतिनिधिपत्र रद्द हुनेछ।

३. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी बदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ।

४. प्रोक्सी मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएको व्यहोरा लिखित रुपमा जानकारी दिएमा प्रोक्सी स्वतः बदर हुनेछ।

५. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजीर पुस्तिका बिहान १०:०० वजे देखि खुल्ला रहने छ। परिचय नं. (शेयरधनी नं.) को आधार मा हाजीरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावले आफ्नो परिचय नं. तथा परिचय खुल्ने कुनै पनि कागजातहरु जस्तैः शेयर प्रमाणपत्र, नागरिकता, लाइसेन्स आदि अनिवार्य रुपमा प्रस्तुत गरिदिनु हुन अनुरोध छ।

६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।

७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ।

८. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा श्री एनएमवि क्यापिटल लि., ववरमहल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ।

**संचालक समितिको आज्ञाले**
मुरली प्रसाद शर्मा
कम्पनी सचिव

# संचालक समितिको प्रतिवेदन

## (१९ औं वार्षिक साधारण सभामा शेयरधनीहरू समक्ष प्रस्तुत हुने)

शेयरधनीज्यूहरु,

यहाँहरुको संचालक समितिलाई कम्पनीको वार्षिक प्रतिवेदन तथा २०६८ साल आषाढ मसान्त सम्मको लेखापरीक्षण भएको हिसाव किताबको विवरणहरु प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ ।

### वित्तिय सम्पादन:

कम्पनीले आफ्नो आम्दानी १९.६% ले बृद्धि गरी रु. ५७ करोड ३९ लाख पुऱ्याएको छ ।

बोनस तथा कर अधिको नाफा गत वर्षको नाफा रु. २५ करोड ४९ लाखवाट ४७.९% ले बृद्धि भई रु.३७ करोड ७४ लाख भएको छ । बोनस तथा कर पछिको नाफा गत वर्षको नाफा रकम रु. २२ करोड ४२ लाखमा ४६.७% ले बृद्धि भई रु. ३२ करोड ९० लाख भएको छ ।

कम्पनीको वित्तिय परिणामहरुको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

(अन्यथा उल्लेख गरेको बाहेक अंक रु. दश लाखमा)

| विवरण | २०६७/०६८ | २०६६/०६७ |
|---|---|---|
| थोक विद्युत बिक्रीबाट आम्दानी | ४०८.६ | ३८७.९ |
| उपभोक्तालाई विद्युत र सेवा बिक्रीबाट आम्दानी | ८४.४ | ७४.७ |
| व्यववस्थापन तथा प्राविधिक सेवावाट आम्दानी | ८०.९ | १७.२ |
| जम्मा संचालन आम्दानी | ५७३.९ | ४७९.८ |
| जम्मा संचालन खर्च | २३१.६ | २०६.७ |
| कूल संचालन नाफा | ३४२.२ | २७३.१ |
| अन्य आय | १८९.३ | १५१.३ |
| प्रशासनिक तथा अन्य खर्च | १५४.६ | १६९.५ |
| खुद मुनाफा | ३२९.० | २२४.२ |
| प्रतिशेयर आम्दानी रु. | ३२.४ | २४.३ |
| नेटवर्थ रु. | २,७११ | १,६३० |

## व्यवसाय संचालन

### उत्पादन व्यवसाय

आ.व. २०६७।६८ मा बिद्युत गृहहरु ६९.२% औसत वार्षिक क्षमतामा संचालनमा रही गत आ.व.को कुल बिद्युत उत्पादन भन्दा १.७% ले बृद्धि भई १०३.६ गिगावाट आवर बिद्युत उत्पादन भयो । त्यसका अतिरिक्त बिपिसिले स्थानीय जनताको आवश्यकता पुरा गर्नको लागि नेपाल बिद्युत प्राधिकरणवाट ४ गिगावाट आवर बिद्युत खरीद गऱ्यो । कुल १०७.६ गिगावाट आवर बिद्युत मध्ये ७८.७% बिद्युत नेपाल बिद्युत प्राधिकरणलाई र १८.५९% बिद्युत बिपिसिको वितरण प्रणालीमा आपुर्ति गरिएको थियो । बिपिसिले यस आर्थिक वर्ष देशमा कुल उपलब्ध बिद्युतमा २.७% योगदान गऱ्यो ।

आँधिखोला बिद्युत गृहले ८२.६% क्षमतामा संचालनमा रही ३६.९ गिगावाट आवर बिद्युत उत्पादन गऱ्यो, जुन गत वर्ष उत्पादनको तुलनामा ४.६% ले कम हो । सो बिद्युत गृहले वितरण संजालको विस्तार तथा सुख्खा समयवधी बढेको कारण नेपाल बिद्युत प्राधिकरणलाई उपलब्ध गराउन सहमति गरेको सबै बिद्युत आपुर्ति गर्न सकेन । त्यसै गरी झिमरुक बिद्युत गृहले ६३.५% क्षमतामा संचालनमा रही ६६.७ गिगावाट आवर बिद्युत उत्पादन गऱ्यो, जुन गत वर्षको तुलानामा ५.५% ले बढी हो ।

आँधिखोला बिद्युत गृहको पुराना उपकरण तथा अपर्याप्त ३३ के.भी. संजालका कारण बिद्युत उत्पादन तथा बिक्रीलाई बृद्धि गर्ने कार्य एउटा चुनौतीका रुपमा रह्यो । सो अवधीमा बिग्रेका स्टाटर, रनर, बाईपास भल्भ, डिफ्लेक्टर, टर्वाइन वकेट तथा ६ मेगा भोल्ट एम्पियरको ट्रान्सफर्मरको मर्मत तथा जेनेरेटरको सो राखेको स्थानमै वेल्डिङ्ग गर्ने मुख्य मर्मत संभारका कार्यहरु भए ।

बर्षात्को समयमा झिमरुक खोलाको पानीमा अत्याधिक वालुवा कणहरु बगेर आउनु टर्वाइनका पाटपुर्जाहरु नराम्रो संग क्षति हुनुको मुख्य कारण रह्यो । टर्वाइनका पार्टपुर्जाहरु जसमा रनर, गाइड भल्भ, साइड कभर, सिलिङ्ग रिङ्ग तथा अन्य पार्टपुर्जाहरु समाविष्ट हुन्छन् ती सबैको पूर्णरुपमा मर्मतसंभार गरिएको थियो । त्यसै गरी, मुख्य इनलेट भल्भ तथा टेलरेसको फ्ल्याप गेटहरुको समेत पूर्णरुपमा मर्मतसंभार गरिएको थियो । सिचाईको लागि प्रयोग हुने पानीको उचित सदुपयोग गर्न तथा बिद्युत उत्पादन बढाउनको लागि झिमरुकको ड्याम भन्दा तलका १९ वाटा सिंचाईका नहरहरु मर्मत गरिएको थियो ।

### वितरण व्यवसाय

ग्रामिण बिद्युतीकरण विस्तार आयोजना अन्तर्गत स्याङजा, पाल्पा, प्यूठान तथा अर्घाखाँची जिल्लाहरुमा वितरण संजाल विस्तारको कार्यले निरन्तरता पायो । हालै नर्वे सरकारले उक्त आयोजनाको अवधी अर्को दुई वर्षको लागि थप गरेको छ ।

आ.व. २०६७।६८ मा जम्मा १९.९ गिगावाट आवर बिद्युत खरीद गरिएको थियो, जुन गत वर्षको भन्दा १३% बढी हो । त्यस मध्ये १६.४ गिगावाट आवर बिद्युत खुद्रा उपभोक्ताहरुलाई बिक्री गरिएको थियो । ३.५ गिगावाट आवर बिद्युत चुहावट भएको थियो । ०.०७ गिगावाट आवर बिद्युत कर्मचारीहरुको क्वार्टर तथा कार्यालयमा

उपभोग गरिएको थियो । गत बर्षको तुलानामा कुल बिद्युत बिक्री १४.८% ले बृद्धि भएको थियो । व्यवसाय सुधारको एक हिस्साको रुपमा ९४७ कटआउट अन्तर्गतका उपभोक्तालाई मिटर जडित उपभोक्तामा परिवर्तन गरिएको छ ।

यस बर्षको आम्दानी गत बर्षको तुलानामा १४.८% ले बृद्धि भई रु. ७ करोड ५२ लाख आम्दानी भयो । जसमध्ये रु. ४ करोड ८९ लाख मिटर जडित उपभोक्ताहरुवाट, रु. ८२ लाख उद्योगहरुवाट तथा रु. १ करोड ८१ लाख कटआउट अर्न्तगतका उपभोक्ताहरुवाट प्राप्त भएको थियो ।

## संचालनमा रहेका सहायक तथा सम्वद्ध कम्पनीहरू

### हिमाल पावर लिमिटेड

हिमाल पावर लिमिटेडले ६० मेगावाटको खिम्ती प्रथम जलबिद्युत आयोजनाको स्वामित्व धारण गरी संचालन गर्दछ । यस आयोजनाले सन् २००० जुलाई ५ देखी व्यापारिक उत्पादन शुरु गरेको थियो । हिमाल पावर लि.ले आ.व. २०६७।६८ मा रु. १ अरव ५० करोड खुद मुनाफा आर्जन गऱ्यो । बिपिसिले आ.व. २०६७।६८ मा हिमाल पावर लि.वाट रु. १६ करोड ४३ लाख लाभांश प्राप्त गऱ्यो । २०६८ आषाढ मसान्त सम्म हिमाल पावर लि.को नेटवर्थ रु. ६ अरव ७० करोड रहेको छ । सो कम्पनीले यसै बर्ष संपूर्ण कर्जाहरु पूर्णरुपमा चुक्ता गरेको छ र आ.व. २०६७।६८ को लागि १ करोड ३० लाख अमेरिकी डलर आन्तरिम लाभांश घोषणा गरेको छ ।

### हाइड्रो कन्सल्ट प्रा.लि.

बिपिसिले इन्जिनियरिङ्ग परामर्श व्यवसायलाई स्वतन्त्रपूर्वक संचालन गर्नको लागि आ.व. २०६६।६७ मा हाइड्रो कन्सल्ट प्रा.लि. टेकओभर गरेर सो कम्पनीमा आफ्नो इन्जिनियरिङ्ग विभागलाई विलय गरेको थियो । हाइड्रो कन्सल्ट प्रा.लि.ले राष्ट्रिय तथा अन्तराष्ट्रिय आयोजनाहरु सफलतापूर्वक सम्पन्न गरेर इन्जिनियरिङ्ग परामर्श व्यवसायको क्षेत्रमा उच्च स्तरको कार्य गर्न सक्षम हुँदै आएको छ ।

हाइड्रो कन्सल्टले बिद्युत, सिचाई तथा अन्य भौतिक पुर्वाधारका क्षेत्रमा परामर्श सेवाहरु उपलब्ध गराउँदै आएको छ । हाइड्रो कन्सल्टले अष्ट्रियाको बर्नाड इन्जिनियरिङ्ग, बेलायतको मोट म्याकडोनाल्ड तथा नर्वेको स्टेटक्राफ्ट ग्रोनर आदि अन्तराष्ट्रिय परामर्शदाताहरुसंग साझेदारी गरिरहेको छ ।

हाइड्रो कन्सल्ट प्रा.लि.ले आफ्नो संचालनको दोश्रो बर्षमा रु.५ करोड ६३ लाख आम्दानी तथा रु. ८८ लाख खुद मुनाफा आर्जन गरेको छ । यस कम्पनीको नेटवर्थ रु १ करोड ९५ लाख रहेको छ ।

### नेपाल हाइड्रो तथा इलेक्ट्रिक लिमिटेड

नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. बुटवल पावर कम्पनीको सहायक कम्पनी हो । वि.सं. २०४२ सालमा आल्सटम पावर नर्वे ए.एस., जि.ई. इनर्जि नर्वे ए.एस., बुटवल टेक्निकल इन्टिच्युट र हिमाल हाइड्रो तथा जनरल कन्सट्रक्सन लिमिटेडसंगको साझेदारीमा यस कम्पनीको स्थापना गरिएको थियो । जि.ई. इनर्जिले आफ्ना शेयरहरु आई.के.एन. इण्डष्ट्रियललाई बिक्री

गरेको छ र सो नामसारीको प्रक्रियामा रहेको छ ।

नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि.ले हाइड्रो मेकानिकल उपकरणहरुको निर्माण तथा मर्मत गर्दछ र यस कम्पनी नेपालमा इलेक्ट्रो मेकानिकल उपकरणहरु मर्मतको लागि नेतृत्वदायी कम्पनीको रुपमा रहेको छ। यसका अन्य उत्पादनहरुमा एच.भी. सबस्टेसन, प्रसारण टावर, पोलहरु तथा पुलजस्ता गह्रौं स्टिलका संरचनाहरु पर्दछन् ।

हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उपकरण निर्माण गर्ने यस कम्पनीले आ.व. २०६७।६८ मा रु. ४८ करोड २७ लाखको कारोवार गरी रु. १ करोड ६९ लाख मुनाफा गऱ्यो । २०६८ आषाढ मसान्त सम्म नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि.को नेटवर्थ रु. २० करोड ६१ लाख रहेको छ ।

## खुदी हाइड्रोपावर लि.

खुदी हाइड्रोपावर लि.ले आ.व. २०६३।६४ देखी व्यापारिक उत्पादन शुरु गरेको हो । यस कम्पनीले ४ मेगावाटको बिद्युत गृहको स्वामित्व धारण तथा संचालन गर्दछ। बिपिसि खुदी हाइड्रोपावर लि.को प्रमुख शेयर धनी हो। आ.व. २०६७/६८ मा खुदी जलबिद्युत गृहल ६२.१% क्षमतामा संचालन गरी २१.८ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो, जुन गत बर्षको तुलनामा १५.९% बढी हो ।

खुदी जलबिद्युत आयोजनावाट उत्पादित बिद्युत खुदी, बेसीशहर, डुम्रे, बन्दिपुर तथा आसपासका क्षेत्रहरुमा उपयोग हुन्छ। सुधारिएको गुणस्तरीय बिद्युत आपुर्तिका माध्यमवाट खुदी जलबिद्युत आयोजनाले सबै भन्दा ठुलो योगदान लमजुङ्गका जनताहरुलाई पुऱ्याएको छ । त्यसवाट लमजुङको लोड सेडिङ उल्लेख्य रुपमा घटेको छ ।

यस कम्पनीले आ.व. २०६७।६८ मा रु. ९ करोड ११ लाख ५० हजार आम्दानी गऱ्यो, जुन अहिले सम्मकै उच्च आम्दानी हो र यो आम्दानी गत वर्षको आम्दानी भन्दा १४.४% ले बढी हो । यस कम्पनीले आ.व. २०६७।६८ मा रु. ३६ लाख नोक्सान भएको जनाएको छ। विद्युत गृह निरन्तर संचालनमा रही खोलामा पानीको उपलब्धताको आधार मा सन्तोषजनकरुपमा उत्पादन गरिरहेको छ। २०६८ आषढ मसान्त सम्म खुदी हाइड्रो पावर लि. को नेटवर्थ रु. १० करोड ६६ लाख रहेको छ ।

## हाइड्रो ल्याव प्रा.लि.

हिमालय तथा हिमाली नदीनालहरुका कारण सृजित नदीनाला सम्वन्धी इन्जिनियरिङ्ग समस्याहरु समाधानको लागि एक पाइलाको रुपमा १९८८ मा हाइड्रो ल्याव प्रा.लि. स्थापना भएको हो । हाइड्रो ल्याव प्रा.लि.मा रहेका हाइड्रोलिक्स तथा सेडिमेन्ट प्रयोगशालाहरु आधुनिक उपकरणहरुले सुसज्जित छन् र यसले हाइड्रोलिक संरचनाहरु तथा सेडिमेण्ट विश्लेषणका साथै नदीनालाको हाइड्रोलिक नमूना अध्ययनहरुमा बृहत अनुभव संगालेको छ ।

हाइड्रो ल्यावले व्यवसायिक सेवाग्राहीलाई करारमा आधारित अनुसन्धान कार्यको साथै नोराडको आयोजनामा आधारित सहयोग अन्तर्गत अध्ययन अनुसन्धान गर्दै आएको छ । यस बर्ष अप्पर माई हाइड्रोपावर आयोजना तथा न्यादी हाइड्रोपावर

आयोजनाको भौतिक हाइड्रोलिक नमूना अध्ययन सम्पन्न भएको छ । त्यसै गरी, अप्पर त्रिशुली आयोजनाको सेडिमेण्टको नमूना लिने तथा प्रयोगशाला विश्लेषणको कार्य समेत सम्पन्न भएको छ ।

हाइड्रो ल्याव प्रा.लि. को आ.व.२०६७।६८ को कारोवार रु. २ करोड ९३ लाख रह्यो र यसले रु. ७६ लाख ६० हजार खुद नाफा आर्जन गरेको छ । २०६८ आषाढ मसान्त सम्म हाइड्रो ल्याव प्रा.लि. को नेटवर्थ रु. ४ करोड ३१ लाख ८० हजार रहेको छ ।

### बिपिसि सर्भिसेज लि.

बिपिसिको सहायक कम्पनीको रुपमा सन् २००६ मा स्थापित बिपिसि सर्भिसेज लि. नेपालमा बिद्युत गृह, प्रशारण तथा वितरण प्रणालीलाई संचालन तथा मर्मत संभार व्यवस्थापन सेवा प्रदान गर्ने एकमात्र कम्पनी हो । बिपिसि सर्भिसेज लि.ले जलबिद्युत विकासमा संलग्न कम्पनीहरुलाई दक्ष प्राविधिक विषेशज्ञता उपलब्ध गराउँदै आएको छ ।

यस कम्पनीको आ.व. २०६७।६८ मा रु. २० लाख आम्दानी तथा रु. १७ लाख खर्च भई रु. ३ लाख खुद नाफा भएको छ ।

### झिमरूक औधोगिक विकास केन्द्र प्रा.लि.

झिमरुक औधोगिक विकास केन्द्र प्रा.लि.ले बिपिसिको सामाजिक उत्तरदायित्वको लागि पहलकदमीका रुपमा बि.सं. १९९७ मा प्यूठान जिल्लामा स्थापना भएको थियो । यस कम्पनीले स्थानीय जनताको सीप अभिवृद्धिको कार्य गर्दछ । समुदाय तथा संस्थागत विकासका कार्यक्रमहरुमा यस कम्पनीको संलग्न रहेको छ । यस कम्पनीले आ.व. २०६७।६८ मा रु. १८ लाख ३० हजार कारोवार गरेकोमा रु. ४१ लाख ४० हजार नोक्सानी भएको जनाएको छ । आ.व. २०६७।६८ को अन्तमा झिमरुक औ धोगिक केन्द्र प्रा.लि. को नेटवर्थ रु. ७७ लाख ७० हजार रहेको छ । झिमरुक औद्योगिक विकास केन्द्र प्रा.लि.ले आफ्नो उद्देश्य पुरा गरेको हुँदा विघटनको प्रक्रियामा रहेको छ ।

## आयोजनाहरू/संयूक्त लगानीमा संचालित कम्पनीहरूको अवस्था

### न्यादी हाइड्रोपावर लिमिटेड

न्यादी हाइड्रोपावर लिमिटेडले पब्लिक कम्पनीको रुपमा दर्ता भई २० मेगावाटको न्यादी जलबिद्युत आयोजना विकासको लागि व्यवसाय शुरु गर्ने अनुमति प्राप्त गरेको थियो । उक्त आयोजनाको जडित क्षमतालाई पुन: अध्ययन गरी ३० मेगावाट पुर्‍याइएको छ र सो को संभाव्य अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण यस अघिनै सम्पन्न भई सकेको छ ।

यस आयोजनाको कुल लागत ६ करोड ५५ लाख अमेरिकी डलर हुने अनुमान गरिएको छ । यस आयोजनाले वार्षिक रुपमा १६८ गिगावाट आवर बिद्युत उत्पादन गर्ने छ । अन्तराष्ट्रिय वित्तिय संस्था तथा स्थानीय बैंकहरुको समूह यस आयोजनाको मुख्य ऋण लगानीकर्ता रहेका छन् । नेपाल बिद्युत प्राधिकरणसंग बिद्युत खरीद बिक्री सम्झौता अन्तिम स्वरुप दिने कार्य भइरहे को छ । बि.सं. २०६८ सालको अन्त सम्ममा वित्तिय व्यवस्थाापन गरी यस आयोजनाको निर्माण शुरु गर्ने लक्ष रहेको छ ।

न्यादी हाइड्रोपावर लिमिटेडले आ.व. २०६७।६८ को अन्त सम्ममा यस आयोजनामा रु. १४ करोड ७३ लाख खर्च गरिसकेको छ । यस कम्पनीले रु. १०० का दरका ६८५००० अतिरिक्त शेयरहरु वाँडफाड गरेकोमा आ.व. २०६७।६८ मा सो शेयरहरुको संपूर्ण भुक्तानी भइसकेको छ ।

### कावेली इनर्जि लिमिटेड

बिपिसि प्रमुख शेयरधनी भएको एक विशेष उद्देश्य कम्पनीको रुपमा रहेको कावेली इनर्जि लि.ले पूर्वी नेपालको ताप्लेजुङ्ग र पाँचथर जिल्लामा अवस्थित कावेली नदीमा उच्च माग भएको समयमा संचालन गर्न मिल्ने नदीको वहावमा आधारित ३८ मेगावाटको जलबिद्युत आयोजना निर्माण गर्न लागिरहेको छ । मेची लोकमार्गवाट आयोजनाको हेडवर्क्स तथा बिद्युत गृह क्रमश: ७.५ कि.मि. तथा १४.६ कि.मि.को दुरीमा पर्दछन् । नेपाल बिद्युत प्राधिकरणले कावेली कोरिडोरमा १३२ के.भी.को प्रशारण लाइन निर्माण गरिरहेको छ, जसले कावेली बिद्युत गृहवाट विद्युत परिवहन गर्नेछ ।

यस आयोजनाको कुल लागत ७ करोड ८० लाख अमेरीकी डलर हुने अनुमान रहेको छ । यस आयोजनाले वार्षिक २०१ गिगावाट आवर बिद्युत उत्पादन गर्नेछ । निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण (बुट) को आधारमा आयोजना विकासको लागि कावेली इनर्जि लि.ले नेपाल सरकारसंग आयोजना विकास सम्झौता गरेको छ । विश्व वैंक, अन्तराष्ट्रिय वित्तिय संस्था तथा स्थानीय वैंकहरुको समूह उक्त आयोजनाको मुख्य ऋण लगानीकर्ता रहेका छन् ।

बिपिसिले आ.व. २०६७।६८ सम्ममा कावेली इनर्जि लिमिटेडमा रु. १९ करोड लगानी गरेको छ । कावेली इनर्जि लि.ले २०६८ साल पौष महिनाको अन्त सम्ममा नेपाल बिद्युत प्राधिकरण संग बिद्युत खरीद बिक्री सम्झौता गर्ने तथा वित्तिय व्यवस्थापन सम्पन्न गर्ने योजना रहेको छ । वित्तिय व्यवस्थापन पश्चात आयोजनाको निर्माण कार्य शुरु हुनेछ र बि.सं. २०७१ मा सम्पन्न हुने अपेक्षा गरिएको छ ।

### आँधिखोला क्षमता बृद्धि आयोजन

९.४ मेगावाटको उत्पादन अनुमति प्राप्त आँधिखोला क्षमता बृद्धि आयोजना बिद्युत खरीद बिक्री सम्झौता तथा वित्तिय व्यवस्थापन भई निर्माणको चरणमा रहेको छ । यस आयोजनालाई अन्तराष्ट्रिय वित्तिय संस्था र मेघा बैंक लिमिटेडबाट वित्तिय (ऋण) सहयोग भएको छ ।

### लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजना

लोअर मनाङ मर्स्याङदी जलबिद्युत आयोजना मनाङ जिल्लाको दक्षिण भेगमा अवस्थित छ । यस आयोजनाको संभाव्यता अध्ययनको कार्य सम्पन्न गरी संभाव्यता अध्ययन प्रतिवेदन बिद्युत विकास विभागमा पेश गरिएको छ र बिस्तृत डिजाइनको कार्य चलिरहेको छ । हाइड्रो ल्यावमा नदीको नमूना परिक्षणको कार्य भईरहेको छ । जियोटेक्निकल अध्ययनको कार्य सम्पन्न भएको छ र हाइड्रोलजिकल तथा सेडिमेण्ट सम्वन्धी सूचनाहरु संकलन कार्य नियमितरुपमा चलिरहेको छ । आयोजनाले सन् २०१२ मा वातावरणीय प्रभाव मुल्यांकन अध्ययन सम्पन्न गर्ने, विस्तृत डिजाइन तयार

गर्ने, बिद्युत खरीद बिक्री सम्झौता गर्ने तथा उत्पादन अनुमतिपत्र लिने कार्य सम्पन्न गर्ने तयारी गरेको छ । मुख्य निर्माणका कार्यहरु सन् २०१२ को अन्त्यवाट शुरु गर्ने तथा सन् २०१७ भित्रै बिद्युत गृह संचालनमा ल्याउने योजना गरिएको छ ।

## केटोन हाइड्रोपावर लिमिटेड

मस्याङदी तेश्रो जलविद्युत अयोजना विकास गर्न संस्थापित केटोन हाइड्रोपावर लि. ले आयोजनाको संभाव्यता अध्ययन कार्य सम्पन्न गरी संभाव्यता अध्ययन प्रतिवेदन बिद्युत विकास विभागमा पेश गरेको छ । उर्जा मन्त्रालयवाट प्रारम्भिक वातावरणीय परीक्षणको लागि क्षेत्र निर्धारण उपर स्वीकृति प्राप्त भएको छ । बिपिसिले केटोन हाइड्रो पावर लि. मा रु. १ करोड ४४ लाख शेयर लगानी गरेको छ। सो आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सम्पन्न भएको छ र सो को प्रतिवेदन उर्जा मन्त्रालयवाट स्वीकृतिको अन्तिम चरणमा रहेको छ । सर्वेक्षण अनुमतिपत्रको अवधी बढाउनको लागि अनुरोध गरिएको छ। सो आयोजनाको वित्तिय संभाव्यताका सम्वन्धमा प्रश्नहरु उठेका छन् र त्यसलाई सम्बोधन गर्नको लागि सो कम्पनीले आवश्यक कदमहरु अगाडि बढाउने तयारी गरिरहेको छ ।

## लाभांश

संचालक समिति निर्माणको चरणमा रहेका तथा कम्पनीले भविश्यमा लिन लागिरहेको आयोजनाहरुको लागि आवश्यक लगानीका सम्वन्धमा सचेत छ। सो लगानीले दिर्घकालिन रुपमा शेयरधनीहरुलाई सम्पत्तिको सृजना गर्न योगदान गर्ने छ । तथापि, कम्पनीले दिगो लाभांश नीति अवलम्वन गरेको छ र त्यसै अनुरुप संचालक समितिले चुक्ता पूँजीको २५% नगद लाभांश सिफारिस गरेको छ ।

## हकप्रद शेयर

कम्पनीले निर्माण गर्न लागेका आयोजनाहरुको लागि चाहिने पूँजीलाई विचार गरी १७ औं वार्षिक साधारण सभाले हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारीत गरेको थियो । ३:२ को अनुपातमा हकप्रद शेयर जारी गर्नको लागि प्रक्रिया जारी छ । गत वर्ष देशमा विद्यमान राजनैतिक तथा लगानी वातावरणको कारण हकप्रद शेयर जारी गर्ने कार्य पछि सारिएको थियो । हकप्रद शेयर जारी गर्नको लागि वाँकी प्रक्रियाहरु लगानीको आवश्यकता अनुरुप अगाडि बढ्नेछ ।

## संचालक समिति

यस बर्ष संचालक समितिमा केही हेर फेरहरु भएका छन् । सांग्रिला इनर्जि लि.ले अक्टोवर १९, २०११ वाट लागु हुने गरी श्री गणेश लाल श्रेष्ठको स्थानमा श्री विजय कृष्ण श्रेष्ठलाई कम्पनीको संचालक समितिको संचालक मनोनित गरेको छ । सांग्रिला इनर्जि लि.ले अक्टोवर १९, २०११ वाटै लागु हुने गरी श्री ओम प्रकाश श्रेष्ठ र श्री संजिव राजभण्डारीलाई कम्पनीको संचालक समितिमा बैकल्पिक संचालक मनोनित गरेको छ । नवनियूक्त संचालकहरुलाई स्वागत गर्दै श्री गणेश लाल श्रेष्ठलाई निजले आफ्नो कार्यकालमा कम्पनीमा पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद दिन चाहन्छौं ।

## संचालक समिति अन्तर्गतका समितिहरू

### लेखापरीक्षण समिति

लेखापरीक्षण समितिले आन्तरिक नियन्त्रण तथा असल संस्थागत सुशासनलाई अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । लेखापरिक्षण समितिले कम्पनीको वजेट पुनरावलोकन, अनुगमन तथा नियन्त्रण गर्नको लागि संचालक समितिलाई सहयोग गऱ्यो ।

### वजेट समिति

बजेट समिति व्यवस्थापनले प्रस्ताव गरे को बजेटको अनुगमन तथा नियन्त्रण एवं विश्लेषण गर्न जिम्मेवार रह्यो ।

### पारिश्रमिक समिति

कर्मचारीहरुको तलव तथा सुविधाको प्याके ज पुनरावलोकन गर्नको लागि पारिश्रमिक समिति गठन गरिएको छ ।

### संस्थागत सुशासन

बिपिसिले कम्पनीमा असल संस्थागत सुशासन सुनिश्चित गर्न संस्थागत मूल्य संरचनाको अवलम्वन गरी कार्यन्वयनको चरणमा रहेको छ । बिपिसिको संस्थागत संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य, व्यवसायको नीति तथा सिद्धान्तहरु, संस्थागत सुशासनका संहिता, आचरण तथा नैतिकता सम्वन्धी संहिता समाविष्ट छन्।

संस्थागत सुशासनका मापदण्डहरुको अनुपालना सम्वन्धमा संस्थागत सुशासन सम्बन्धी अलग्गै प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### व्यवस्थापन

बिपिसिको व्यवस्थापन प्रमुख कार्यकारी अधिकृत श्री रंजन लोहारको नेतृत्वमा रहेको व्यवसायिक व्यक्तित्वहरुको दरिलो समूहद्धारा संचालित छ ।

आ.व. २०६७।६८ को अन्त सम्ममा २७१ जना पुरुष तथा २६ जना महिला गरी जम्मा २९७ जना कर्मचारीहरु थिए । विभिन्न अन्तराष्ट्रिय जलबिद्युत उत्पादकहरुको प्रवेश तथा नयाँ आयोजनाहरु विकासको लागि बिग्रदै गएको वातावरणको कारण कम्पनीले उल्लेख्य रुपमा कर्मचारीहरु वर्हिगमनको समस्या बेहोर्नु पऱ्यो ।

आ.व. २०६७।६८ मा भएको व्यवस्थापन खर्च रकम जम्मा रु. ७ करोड ३५ लाख रहेको छ, जुन गत आ.व.को भन्दा ११.७% ले घटी हो ।

उच्च व्यवस्थापन तथा वरिष्ठ कार्यकारीहरुको सूची संस्थागत सुशासन प्रतिवेदनमा समावेश गरिएको छ ।

## स्वास्थ्य, सुरक्षा तथा वातावरण

कम्पनीमा कार्यरत कर्मचारीहरुलाई आवश्यक काम गर्ने वातावरण उपलब्ध गराउने लक्ष प्राप्तीका लागि बिपिसिले स्वास्थ्य, सुरक्षा तथा वातावरणलाई प्राथमिकता दिएको छ । यस वर्ष योजनावद्ध तरीकाले सबै कर्मचारीहरुको स्वास्थ्य परीक्षण गरी स्वास्थ्य संग सम्वन्धित आधाभूत सूचनाहरु राखिएका छन् । पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिएको थियो । वर्ष भरी कुनै गम्भीर दुर्घटना भएनन् । तर, पाँच वटा सामान्य चोटपटकका घटनाहरु भएका थिए ।

बिपिसिले आइ.एस.ओ. ९००१:२००८ (गुणस्तरीय) तथा आइ.एस.ओ.

१४००१:२००४ (वातावरणीय) व्यवस्थापन प्रणालीहरुको अतिरिक्त ओसास १८००१ प्रमाणित कम्पनी हुन खोजिरहेको छ । ओसासले कुनै संगठनमा त्यसको संरचना, योजना निर्माणका कार्यहरु, जिम्मेवारीहरु, अभ्यासहरु, कार्यविधिहरु तथा स्रोत साधानहरुलाई ध्यानमा राखी पेशागत स्वास्थ्य तथा सुरक्षाका विषयहरुलाई संपूर्ण व्यवसाय संचालनको एक महत्वपूर्ण हिस्साको रुपमा लिई व्यवस्थापन गर्न संभव बनाउँछ । यसले सुरक्षा सम्बन्धी संचेतना बढाउनुको साथै कम्पनीको कार्य दक्षतामा अभिवृद्धि गर्ने तथा वजारमा कम्पनीको छवि बढाउँछ ।

व्यवसायिक इकाईहरुले व्यवसायिक गतिविधिहरु वातावरण मैत्री तरीकावाट संचालन गरेका छन् । बिपिसिले वातवरण सम्वन्धी सचेतना अभिवृद्धि गर्न स्थानीयहरु संग हातेमालो गर्दै विश्व वातावरण दिवस २०११ मनायो ।

## औधोगिक संलग्नता तथा कर्मचारी सम्वन्ध

बिपिसि नेपाल उद्योग वाणिज्य महासंघ तथा स्वतन्त्र उर्जा उत्पादक संघसंग आवद्ध छ ।

बिपिसिले व्यवस्थापन तथा कर्मचारी विचको सुसम्वन्ध कायम गर्दै आएको छ । कर्मचारीको व्यवसायिक क्षमता विकासको लागि निजहरुको क्षमता वृद्धि गर्न तथा कम्पनीको आवश्यकता पुरा गर्नको लागि कर्मचारीहरुलाई तालिमहरु प्रदान गरिएको थियो ।

कर्मचारी सम्वन्ध अधिकृतको नियूक्ती पश्चात कर्मचारीका मुद्धा, पीरमर्का तथा सरोकारहरुलाई सम्वोधन गर्ने संयन्त्र अझ सुदृढ भएको छ ।

## जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन बिपिसिको व्यवसाय संचालनको एउटा महत्वपूर्ण तत्वको रुपमा रहेको छ । कम्पनीका विभिन्न व्यवसायिक इकाईहरुको कार्यसंग सम्वन्धित जोखिमहरुको पहिचान, निर्धारण, योजना, निरुपण तथा अनुगमनको लागि संस्थागत जोखिम व्यवस्थापनलाई लागु गरिएको छ ।

## आन्तरिक नियन्त्रण

बिपिसिले एकिकृत गुणस्तरीय तथा वातावरणीय व्यवस्थापन प्रणाली लागु गरेको छ । आन्तरिक नियमहरु तथा निर्देशनहरु व्यवसायको प्रकृति तथा आवश्यकता अनुसार परिभाषित गरिएका छन् ।

त्यसका अतिरिक्त कम्पनीको सम्पत्ति, आर्थिक हिसाव किताव तथा लेखा सम्वन्धी प्रकृयाहरुको आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन कार्यका विश्लेषण गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आवधिक रुपमा आन्तरिक लेखापरीक्षण गराउँदै आएको छ । आन्तरिक लेखापरीक्षकका सिफारिस तथा लेखापरीक्षण समितिको निर्णयहरु तदारुकताकासाथ कार्यन्वयन गरिएको छ ।

## वाह्य लेखापरीक्षण

श्री पि.पि. प्रधान एण्ड कम्पनीले बिपिसिको आ.व. २०६७।६८ को हिसाव किताव लेखापरीक्षण गऱ्यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरणका सम्वन्धमा राम्रो प्रतिवेदन दिनु भएको छ ।

## शेयरधनीहरूको सुझाव

शेयरधनीहरुवाट प्राप्त सुझावहरुलाई गम्भीर तापूर्वक लिइएकोछ र ती सुझावहरुलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न संभव ठानिएका सवै प्रयासहरु गरिएकोछ ।

## सहायक कम्पनीहरूसंग भएका कारोवारहरू

बिपिसिले सहायक तथा सम्वद्ध कम्पनीहरुसंग गरेका मुख्य कारोवारहरु आ.व. २०६७।६८ को वित्तिय विवरणहरुमा खुलाइएकोछ ।

## जलविद्युत तथा नेपालमा विकासको संभावना

सन् २०३० भित्र दिगो उर्जामा विश्वव्यापी पहूँच कायम गराउनको लागि विश्वव्यापीरुपमा पून: ध्यान केन्द्रित भएको छ । अहिले पनि १ अरव ४ करोड जनताहरु उर्जाको पहूँचवाट बाहिर रहेका छन् । संयुक्त राष्ट्रसंघ लगायतका विश्व मञ्चहरुमा उर्जा क्षमता दोब्बर गर्न तथा विश्वको उर्जा उत्पादनमा नविकरणीय उर्जाको हिस्सालाई दोब्बर गर्ने लक्षका सम्वन्धमा छलफल भइरहेका छन् । यसले नेपाल जस्ता नविकरणीय जलबिद्युतको विकास गर्न राम्रो संभावना भएका राष्ट्रहरुलाई मद्दत गर्ने छ ।

एशियाली राष्ट्रहरु अपार जलश्रोत भएको तथा जलबिद्युत विकासको कार्य भई रहेको महादेश हुनको लागि, चीन, इण्डिया, भुटान, इरान, भियतनाम तथा लाओसमा ठुलो मात्रामा सो सम्बन्धी कार्यहरु भईरहेका छन् ।

हाल निर्माणको क्रममा रहेको सबै भन्दा ठुलो ४५६ मेगावाटको अप्पर तामाकोशी आयोजनाको वित्तिय व्यवस्थापन तथा शिलान्यास हुनु नेपालको जलबिद्युत विकासको प्रगतीको एक मुख्य कोषेढुङ्गाको रुपमा रह्यो । त्यसका अतिरिक्त सार्वजनिक तथा निजी क्षेत्रवाट निर्माण हुने विभिन्न जलबिद्युत आयोजनाहरु विकासको बिभिन्न चरणमा रहेका छन् ।

सबै राजनैतिक दलहरुले हालको लोड सेडिङ उन्मुलन गर्न तथा देशको अत्यावश्यक आर्थिक विकासका लागि जलबिद्युतको विकासलाई गति प्रदान गर्नुको महत्वलाई स्वीकार गरेका छन् । त्यसैको परिणामस्वरुप सरकारले उर्जा शंकटलाई सम्वोधन गर्नको लागि आपतकालिन योजना ल्याएको छ । ती उपायहरुमा २५ मेगावाट भन्दा कम क्षमताका आयोजनाहरुको विशेष बिद्युत खरीद दर, ५० मेगावाट सम्मका आयोजनालाई वातावरणीय प्रभाव मुल्यांकन गर्न नपर्ने, निश्चित कोरिडोरहरुमा प्रसारण लाईनको निर्माण तथा विद्युत व्यापारको लागि अन्तरदेशीय उच्च भोल्टेजको प्रसारण लाईनको योजना समाविष्ट छन् ।

## व्यवसाय तथा लगानीको वातावरण

विगत केही वर्षहरुमा नेपालको जलविद्युत क्षेत्रमा केही सुधारहरु देखिएका छन् । बिद्युत विधेयक तथा बिद्युत नियमक निकाय विधेयक व्यवस्थापिका संसदमा पेश भएका छन् । उर्जा मन्त्रालयले अनुमतिपत्र व्यवस्थापन प्रक्रियाका सम्वन्धमा आन्तरिक कार्यविधिहरु जारी गरेको छ । नेपाल सरकारले १० मेगावाट भन्दा ठुला आयोजनाहरुको दरखास्त रद्द गरेको छ । जसको परिणामस्वरुप पाइपलाइनमा रहेका ५०० मेगावाटको अप्पर अरुण, ३०० मेगावाटको तमोर रिजर्भवायर तथा ३२ मेगावाटको कावेली सी जस्ता अनुमतिपत्रको प्रक्रियामा रहेका बिपिसिका आयोजनाहरु अहिले बिपिसिको

सरोकारको रुपमा रहेका छैनन् । अन्य आयोजनाहरु संगै ती आयोजनाहरुलाई नेपाल सरकारले प्रतिश्पर्धा हुने आयोजनाहरुको बास्केटमा राखेको छ। नेपाल सरकारले प्राथमिकता निर्धारण गरी आयोजनाहरुको प्रतिश्पर्धा गराउने छ । सो समयमा बिपिसि संभाव्य तथा उपयुक्त आयोजनाहरुको प्रतिश्पर्धामा सक्रिय सहभागी हुने छ ।

नेपाल सरकारको संस्थानको रुपमा रहेको नेपाल बिद्युत प्राधिकरणले २५ मेगावाट सम्म जडित क्षमता भएका जलबिद्युत आयोजनाहरुवाट बिद्युत खरीद गर्न बिद्युत खरीद दरमा २०% ले बृद्धि गरेको छ। आ.व. २०६७।६८ मा कुल क्षमता ७१५ मेगावाटका विभिन्न आयोजनाहरुको बिद्युत खरीद बिक्री सम्झौता सम्पन्न भएको छ, जुन हाल सम्म सम्पन्न भएका बिद्युत खरीद बिक्री सम्झौताहरुको दोब्बर संख्या हो । यद्यपी, ती मध्ये बहुसंख्यक आयोजनाहरु वित्तिय व्यवस्थापनको समस्यामा अल्झिएका छन् ।

राजनैतिक संक्रमण, अपर्याप्त कानूनी व्यवस्थाहरु, लामो प्रशासनिक प्रकृयाहरु, न्यून महशुल दर, बिद्युत प्रसारणको लागि कमजोर जडान सुविधा, आयोजना कम्पनी समक्ष स्थानीय जनताको अस्वभाविक मागहरु, राजनीतिकरण भएको श्रम शक्ति तथा नेपाली बजारमा वित्तिय श्रोतको सिमित उपलब्धता हुनु नेपालमा जलबिद्युत क्षेत्रको विकासका मुख्य वाधकको रुपमा देखिएको छ ।

नेपालमा व्यवसाय तथा लगानीको वातावरणमा सुधार ल्याउन नेपाल उद्योग वाणिज्य महासंघ तथा स्वतन्त्र उर्जा उत्पादक संघसंग मिलेर पहल कदमीहरु लिइएका छन् । बिपिसि उक्त विकास प्रयासहरुका लागि एक सक्रिय सहभागीको रुपमा रहेको छ ।

## आगामी वर्ष

आँधिखोला क्षमतावृद्धि आयोजनाको निर्माण कार्य तिब्र गतिमा संचालन भएको हुनेछ । ३८ मेगावाटको कावेली ए जलबिद्युत आयोजना तथा ३० मेगावाटको न्यादी जलबिद्युत अयोजनाको निर्माण कार्य शुरु हुनेछ । २१० मेगावाटको लोअर मनाङ मर्स्याङदी आयोजनाको तयारी कार्यहरु तथा विस्तृत डिजाइन सम्पन्न गरिने छ । साथै, प्रतिश्पर्धामा सहभागी भई तथा अन्य अनुमतिपत्रवालाहरु संग वार्ता गरी बिपिसिको बास्केटमा नयाँ जलबिद्युत आयोजनाहरु थप गर्ने प्रयत्न गरिने छ ।

## कृतज्ञता ज्ञापन

आ.व.२०६७।६८ मा कम्पनीको प्रगतिको लागि प्रत्यक्ष वा परोक्ष रुपले योगदान गर्ने नेपाल सरकार, नेपाल बिद्युत प्राधिकरण, नर्वे सरकारको वैदेशिक मामिला सम्बन्धी मन्त्रालय, ठेकेदारहरु, बिक्रेता, सप्लायर, उपभोक्ताहरु, संवद्ध संस्थाहरु, वैंकहरु, लेखापरीक्षकहरु र अन्य संस्था तथा व्यक्तिहरु प्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरु, व्यवस्थापन समूह तथा कर्मचारीहरुलाई उहाँहरुले कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण तथा योगदानको लागि तथा शेयरधनीहरुलाई उहाँहरुले हामी प्रति देखाउनु भएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।
संचालक समितिको तर्फवाट

**पद्म ज्योति**
अध्यक्ष
मितिः माघ ३, २०६८

# संक्षिप्त आर्थिक प्रतिवेदन

## आ. व. २०६७।६८ को (कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार)

**शेयरधनीज्यूहरू,**

१. कम्पनीको वार्षिक कारोवार अघिल्लो आ.व.को कारोवार रकम रु. ४७ करोड ९८ लाखवाट १९.६% ले वृद्धिभई रु. ५७ करोड ३९ लाखभएको छ । अघिल्लो आ.व. मा बोनस तथा कर पछिको खुदनाफा रु. २२ करोड ४२ लाखवाट बढेर गत आ.व. रु. ३२ करोड ९० लाख खुदनाफा भएको छ । यस आ.व.मा कम्पनीको आम्दानी बढ्नुको मुख्य कारण व्यवस्थापन सपोर्ट आय तथा लाभांश वापत भएको आम्दानीमा बृद्धि हुनुरहेको छ ।

२. कम्पनीको वित्तिय परिणामहरुको सारसंक्षेप निम्न अनुसार रहेको छ ।

३. मूलतः जग्गा, भवन, बिद्युत गृह तथा उपकरणहरु जस्ता अचल सम्पत्तिको पूर्नमुल्यांकनवाट कम्पनीको सम्पत्तिमा ७१ करोड रुपैयाँ बढेको कारण आ.व. २०६७०६८ मा नेटवर्थमा उल्लेख्य वृद्धि भएको हो ।

४. झिमरुक तथा आँधिखोला बिद्युत गृहहरुवाट गत वर्ष १०३.६ गिगावाट आवर बिद्युत उत्पादन भयो । यो उत्पादन अघिल्लो आ.व.को तुलानामा १.७% को वृद्धि हो । गत आ.व.बिद्युतको थोक बिक्रीवाट हुने आम्दानीमा ५.३% ले वृद्धि भएको छ ।

(अन्यथा उल्लेख गरेको वाहेक अंक रु. हजारमा)

| विवरण | २०६७/०६८ | २०६६/०६७ |
|---|---|---|
| थोक बिद्युत बिक्री बाट आम्दानी | ४०८,५७५ | ३८७,८९६ |
| उपभोक्तालाई बिद्युत र सेवाबिक्री बाट आम्दानी | ८४,४४० | ७४,६७१ |
| व्यववस्थापनतथाप्राविधिक सेवावाट आम्दानी | ८०,८७७ | १७,२४१ |
| जम्मा संचालनआम्दानी | ५७३,८९३ | ४७९,८०९ |
| जम्मा संचालनखर्च | २३१,५७३ | २०६,७२१ |
| कूल संचालननाफा | ३४२,३१९ | २७३,०८८ |
| अन्यआय | १८९,३०१ | १५१,२८० |
| प्रशासनिकतथाअन्यखर्च | १५४,५८२ | १६९,४७१ |
| वाँडफाँड अघीको खुदमुनाफा | ३२८,९७० | २२४,२३३ |
| प्रतिशेयर आम्दानी रु. | ३२.४० | २४.२९ |
| नेटवर्थ रु. दशलाखमा | २,७११ | २,२९३ |

५. गत आ.व. मा कम्पनीले उपभोक्तालाई १६.४ गिगावाट आवर बिद्युतबिक्री गऱ्यो । यो बिक्री अघिल्लो बर्षको बिद्युतबिक्री भन्दा १४.८% ले बढी हो । न्यूनबिद्युत महशुल दर, बढ्दो कर्मचारी खर्च तथा ग्रामिण क्षेत्रहरुमा छरिएर रहेका उपभोक्ताहरुका कारण वितरण व्यवसायवाट आयमा कमी तथा नोक्सान बढ्न गएको छ ।

६. कम्पनीले आफ्ना सहायक कम्पनीहरुलाई व्यवसायिक तवर वाट व्यवस्थापन सपोर्ट सेवाप्रदान गर्दै आइरहेको छ । मूलतः कावेली इनर्जि लि.लाई कावेली ए जलबिद्युत आयोजनाको विकासकालागि उपलब्ध गराइएको सेवाको कारण गतबर्ष उल्लेख्य रुपमा कम्पनीको आम्दानी बढेको छ ।

७. संचालनमा रहेका सहायकतथा संवद्ध कम्पनीहरुको कार्य सम्पादन यस प्रकार रह्यो ।

(क) हिमाल पावर लि. ले ६० मेगावाट क्षमताको खिम्ती प्रथम बिद्युत गृह संचालनवाट आ.व. २०६७०६८मा रु. १ अरव ५० करोड खुदनाफा आर्जन गऱ्यो । बिपिसीले उक्त आ.व.मा हिमाल पावर लि.वाट रु.१६ करोड ४३ लाख लाभांश प्राप्त गऱ्यो ।

(ख) हाइड्रो कन्सल्ट प्रा.लि. एक इन्जिनियरिङ परामर्शदाता कम्पनी हो । यस कम्पनीले अघिल्लो आ.व.को तुलानामा १३३% ले कारोवारमा बृद्धि गरी रु ५ करोड ६३ लाख कारोवार गरी रु. १९ लाख ५० हजार नाफा आर्जन गऱ्यो ।

(ग) बिपिसी सर्भिसेज लि. संचालन तथा मर्मत संभार सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०६७०६८ मा रु. २० लाखको कारोवार गरी रु. ३ लाख नाफा आर्जन गऱ्यो ।

(घ) नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. हाइड्रो मेकानिकल तथा इलेक्ट्रो मेकानिकल उत्पादक कम्पनी हो । यस कम्पनीले आ. व. २०६७०६८ मा रु. ४८ करोड २७ लाखको कारोवार गरी रु. १ करोड ६९ लाख नाफा आर्जन गरेको छ ।

(ङ) खुदी हाइड्रोपावर लि.ले आ.व. २०६७०६८ मा रु. ९ करोड ११ लाख ५० हजार वरावरको बिद्युत बिक्री गऱ्यो, जुन अहिले सम्मकै बढी तथा गत बर्षको आम्दानी भन्दा १४.४% ले बढी हो । यद्यपी, यस कम्पनीले रु. ३६ लाख नोक्सान ब्यहोरेको जनाएको छ ।

(च) हाइड्रो ल्याव प्रा.लि. हाइड्रोलिक्स तथा सेडिमेण्ट विश्लेषण सेवा प्रदायक कम्पनी हो । यस कम्पनीले आ.व. २०६७०६८ मा २ करोड ९३ लाखको कारोवार गरी ७७ लाख नाफा आर्जन गऱ्यो ।

(छ) झिमरुक औद्योगिक केन्द्र प्रा.लि. बिपिसिको संस्थागत सामाजिक उत्तर दायित्वको एक पहल कदमीको रुपमा रहेको छ । यस कम्पनीले आ.व. २०६७०६८ मा रु. १८ लाखको कारोवार गरी रु. ४१ लाख ४० हजार नोक्सान ब्यहोरेको छ । यस कम्पनीले आफ्नो उद्देश्य प्राप्त गरिसकेको हुँदा विघटनको प्रक्रियामा छ ।

८. आयोजना कम्पनीहरुको अवस्था तथा गत आ.व.का योजनाहरु यस प्रकार रहेको छन् ।

(क) न्यादी हाइड्रोपावर लि. ले विकास गर्न लागेको ३० मेगावाट क्षमताको

न्यादी जलबिद्युत आयोजनामा रु.१४ करोड ७३ लाख खर्च भएको छ । यही २०६८ सालको अन्त सम्ममा यसको वित्तिय व्यवस्थापन गर्ने लक्ष लिइएको छ ।

(ख) बिपिसिले ९३ मेगावाट क्षमताको लोअर मनाङ मर्स्याङदी आयो जनाको विकासको लागि रु. ५ करोड खर्च गरेको छ । यस आयोजनाले गत आ.व. विस्तृत डिजाइन, बिद्युत खरिद बिक्री सम्झौता तथा उत्पादन अनुमतिपत्रको लागि प्रक्रियाहरु सम्पन्न गर्ने तयारी गरिरहेको छ ।

(ग) बिपिसिले मर्स्याङदी तेश्रो जलबिद्युत आयोजना निर्माणको लागि केटोन हाइड्रोपावर लि.मा रु. १ करोड ४४ लाख लगानी गरेको छ । सो आयोजनाको वित्तिय संभाव्यताका सम्वन्धमा प्रश्नहरु उठेका छन् र त्यसलाई सम्बोधन गर्नको लागि सो कम्पनीले आवश्यक कदमहरु अगाडि बढाउने तयारी गरिरहेको छ ।

(घ) कावेली इनर्जि लि.द्धारा ३७.६ मेगावाट क्षमताको कावेली ए जलबिद्युत आयोजना विकास भइरहेको छ । आयोजनाको पूँजीगत कार्य प्रगतिमा अहिले सम्म रु.१७ करोड ५० लाख खर्च भई सकेको छ । यस कम्पनीले २०६८ सालको पौष मसान्तसम्म बिद्युत खरिद बिक्री सम्झौता तथा वित्तिय व्यवस्थापन गर्ने तयारी गरिरहेको छ ।

(ङ) अन्तराष्ट्रिय वित्तिय संस्था तथा मेघा बैंक लिमिटेड संग ९.४ मेगावाट क्षमताको आँधिखोला क्षमतावृद्धि आयोजनाको वित्तिय व्यवस्थापन सपन्न गरिएको छ। यो आयोजनाको तुरुन्त निर्माण शुरु हुनेछ ।

९. संचालक समितिले चुक्ता पूँजीको २५% नगद लाभांश सिफारिस गरेको छ ।

१०. ३:२ को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रक्रिया कम्पनीको लगानी आवश्यकताका आधारमा पुरा गरिनेछ ।

११. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो ।

**रंजन लोहार**
प्रमुख कार्यकारी अधिकृत

**प्रताप प्रसाद प्रधान**
पि.पि. प्रधान एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्टस्

# वासलात

## २०६८ आषाढ ३२ गतेको

| विवरण | | | २०६७/०६८ | २०६६/०६७ |
|---|---|---|---|---|
| १. | कोषको श्रोत | | | |
| | १ | **शेयरधनीकोष** | | |
| | | शेयर पूँजी | १,०१५,२६९,४०० | ९२२,९६७,५०० |
| | | जगेडा तथा बचत | १,४८९,४८७,९१९ | ५३३,८२०,२१३ |
| | | **जम्मा शेयरधनीको कोष** | **२,५०४,७५७,३१९** | **१,४५६,७८७,७१३** |
| | २ | अनुदान जगेडा | २०६,१८५,३८५ | १७३,०१४,४५३ |
| | ३ | दिर्घकालिन ऋण | ११८,१११,४१५ | ५७,९७०,२०५ |
| | | **जम्मा** | **२,८२९,०५४,११९** | **१,६८७,७७२,३७१** |
| २ | कोषको प्रवाह | | | |
| | १ | **अचल सम्पत्ति** | | |
| | | कुलअचल सम्पत्ति | २,२३१,२६४,३४६ | १,४३१,५३३,९६३ |
| | | न्यून:ह्रासकट्टी | ७०९,७२८,७१३ | ६४९,८६८,३१० |
| | | **खुदअचल सम्पत्ति** | **१,५२१,५३५,६३३** | **७८१,६६५,६५४** |
| | २ | पूँजीगत कार्य प्रगति | २०५,४८७,७८९ | ९५,४०३,५४० |
| | ३ | शेयर लगानी | ९३२,८५२,८६१ | ८०७,२१०,७०३ |
| | ४ | **चालु सम्पत्ति** | | |
| | | मौज्दात | ८३,४१२,७६६ | १०४,५४३,२०२ |
| | | आसामी तथा प्राप्य रकम | १८४,१४०,४०२ | ९३,७२६,११५ |
| | | नगद तथा बैंक मौज्दात | ४४,९०२,२२५ | २३४,८८७,८८३ |
| | | पेश्की तथा धरौटी भुक्तानी | २८७,९३६,०४५ | २१८,३९७,८६३ |
| | | **जम्मा चालु सम्पत्ति** | **६००,३९१,४३८** | **६५१,५५५,०६३** |
| | ५ | **न्युन:चालु दायित्व** | | |
| | | अल्पकालिन ऋण | १६२,९३१,६३९ | २०५,४९४,७५१ |
| | | साहु तथा भुक्तानी गर्नु पर्ने रकम | १४९,१८९,३२० | ३०१,५५३,७९५ |
| | | पेश्की तथा धरौटी प्राप्त | १६,८५७,५१९ | ५९,५५५,९९८ |
| | | व्यवस्थाहरु | १०७,१३०,६२० | ८७,१०२,९११ |
| | | **जम्मा चालु दायित्व** | **४३६,१०९,०९८** | **६५३,७०७,४५५** |
| | | **खुद चालु सम्पत्ति** | **१६४,२८२,३४०** | **(२,१५२,३९२)** |
| | ६ | पर सारिएको खर्च | ४,८९५,४९५ | ५,६४४,८६७ |
| | | **जम्मा** | **२,८२९,०५४,११९** | **१,६८७,७७२,३७१** |

# नाफा नोक्सानको हिसाव

## २०६८ आषाढ ३२ गतेमा समाप्त हुने आर्थिक वर्षको

| विवरण | २०६७/०६८ | २०६६/०६७ |
|---|---|---|
| **संचालनआम्दानी** | | |
| नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री | ४०८,५७५,२२९ | ३८७,८९६,१०८ |
| उपभोक्तालाई विद्युत बिक्री | ७५,२१२,२२८ | ६५,५३५,४७९ |
| विद्युत सेवा | ९,२२८,३०९ | ९,१३६,८१३ |
| व्यवस्थापन तथा प्राविधिक सहयोग | ८०,८७७,२२३ | १७,२४०,८२३ |
| **जम्मा संचालनआम्दानी** | **५७३,८९२,९८९** | **४७९,८०९,२२४** |
| **संचालनखर्चहरू** | | |
| उत्पादनखर्च | १४४,४९५,१६३ | १३७,८४१,८४० |
| वितरण खर्च | ५९,५०८,५८५ | ५५,७६२,२९१ |
| व्यवस्थापन तथा प्राविधिक सहयोग खर्च | १९,५५५,७६७ | १२,०७१,६५० |
| आयोजना विकास खर्च | ८,०१४,०६६ | १,०४५,१८६ |
| **जम्मा संचालनखर्चहरू** | **२३१,५७३,५८१** | **२०६,७२०,९६६** |
| **कुल संचालननाफा** | **३४२,३१९,४०८** | **२७३,०८८,२५८** |
| **प्रशासनिक तथा अन्य खर्चहरू** | | |
| प्रशासनिक खर्च | ७३,५०२,७७५ | ८३,२५२,५०४ |
| ह्रास कट्टी | ६२,१९९,३२४ | ६०,६३२,३६८ |
| संभावित लगानीको आय/नोक्सान व्यवस्था | (६,३६०,४३०) | ७,४८३,०२७ |
| व्याज खर्च | २५,२४०,४१३ | १८,१०३,७०० |
| **जम्मा प्रशासनिक तथा अन्य खर्चहरू** | **१५४,५८२,०८४** | **१६९,४७१,५९९** |
| **अन्यश्रोतहरूवाट आम्दानी** | | |
| व्याजआम्दानी | १५,८२४,९९२ | ६,४०७,५७२ |
| अन्यआम्दानी | १,७९१,२७४ | १,६९८,३३८ |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ९,४०७,८२४ | ७,५४७,३६७ |
| प्रविधि हस्तान्तरण अनुदान सहयोग | - | २,०७७,२४७ |
| लाभांश आम्दानी | १६४,२६५,२८० | १३७,८०२,९९२ |
| विदेशी मुद्रा विनिमय लाभ/नोक्सान | (४,२८३,४२६) | (३,६५१,२३६) |
| सम्पत्ति तथा कवाडी वस्तु बिक्री नाफा | २,२९५,०१६ | (६०१,९१६) |
| **जम्मा अन्य श्रोतहरूवाट आम्दानी** | **१८९,३००,९५९** | **१५१,२८०,३६५** |
| **बोनस र कर अघिको नाफा** | **३७७,०३८,२८४** | **२५४,८९७,०२४** |
| कर्मचारी बोनस | ९,७७७,५७१ | ५,४५७,३५५ |
| संस्थागत आयकर व्यवस्था | ३८,२९०,८७६ | २५,२०६,७२४ |
| **बाँडफाँड अघिको मुनाफा/नोक्सान** | **३२८,९६९,८३७** | **२२४,२३२,९४५** |
| **नाफा नोक्सानको बाँडफाँड हिसाव** | | |
| अघिल्लोआ.व.को बाँकी | ३८५,१२०,२१३ | ४२९,५०१,५८६ |
| गतआ.व.को नाफा | ३२८,९६९,८३७ | २२४,२३२,९४५ |
| **जम्मा** | **७१४,०९०,०५०** | **६५३,७३४,५३१** |
| न्युनः १०% बोनस शेयर | (९२,२९६,७५०) | (८३,९०५,७७०) |
| न्युनःलाभांश | - | (१८४,५९३,५००) |
| **जम्मा लाभांश** | **(९२,२९६,७५०)** | **(२६८,४९९,२७०)** |
| विगतआ.व.को समायोजन | (७४२,३८१) | (११५,०४८) |
| **संचित मुनाफा वासलातमा सरेको** | **६२१,०५०,९१९** | **३८५,१२०,२१३** |

बुटवल पावर कम्पनी लिमिटेडको

# १९ औं वार्षिक साधारण सभा

## हाजिरी जनाउ पत्र

**यो हाजिरी जनाउ पत्र भरी साधारण सभा स्थलको प्रवेशद्वारमा बुझाइदिनु अनुरोध गरिन्छ ।**

शेयरधनीको नामः......................................................................................................

शेयरधनीको ठेगाना :.......................................................पो.व.नं. ...............................

फोन नं..........................................मोवाइल नं. .........................................................

शेयरधनी नं.: ........................शेयर प्र.प. नं.: .........................शेयर संख्या.: ....................

मिति २०६८ माघ ३ गते मङ्गलवार बुटवल पावर कम्पनी लिमिटेडको स्टार भेन्यु नारायण चौर, साई बाबा मन्दीरको छेउमा नक्साल, काठमाण्डौं बिहान ११:०० बजे शुरु हुने १९ औं वार्षिक साधारण सभामा भाग लिनको लागि स्वयं/प्रतिनिधि मार्फत उपस्थित भएको छु ।

................................

शेयरधनीको हस्ताक्षर

## प्रोक्सी - फारम

श्री संचालक समिति
बुटवल पावर कम्पनी लि.
वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

............... जिल्ला ..............म.न.पा/न.पा./गा.वि.स. वडा नं. ....., .................. वस्ने म/हामी ...................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०६८ माघ ३ गते मङ्गलवारका दिन हुने १९ औं वार्षिक साधारण सभामा स्वंय उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.................जिल्ला ........................म.न.पा/न.पा./गा.वि.स.वडा नं....., .................वस्ने श्री .............................. लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ...............................................
दस्तखतः ..............................................
ठेगानाः .....................पो.व.नं. ................
फोन नं...............................................

शेयरधनी नं.: ....................................
शेयर प्र.प.नं.: ..................................
शेयर संख्याः .....................................
मितिः ..............................................

Butwal Power Company Ltd.

## 19th Annual General Meeting

# Attendance Slip

You are kindly requested to bring this attendance slip and deposit in the front desk maintained in the meeting hall entrance gate.

Name of Shareholder: ..............................................................................................................

Address: ............................................................................... P. O. Box No. : ............................

Phone No.: ..........................Mobile No.: ................................Email: .........................................

Shareholder No.: ........... Share Certificate No.: ........ Number of Shares: .....................................

I hereby attend the 19th Annual General Meeting to be held on January 17, 2012 at Star Venue Narayan Chour (Next to Sai Baba Temple) Naxal, Kathmandu at 11:00 am myself/ through representative.

..................................................

Signature of Shareholder

# Proxy Form

Board of Directors
Butwal Power Company Limited
Buddhanagar, Baneshwor, Kathmandu

Subject: Nomination of proxy

Dear Sir,

As I/we, the shareholder of that company having resident of ...................................., am/are unable to present and take part in the discussion and decision in the 19th Annual General Meeting of that company to be held on ........................................, I/we hereby nominate Mr/Ms ...................................................., a resident of ........................................ as my/our representative to attend the meeting and cast the vote therein.

Applicant: ................................

Signature: ................................

Address: ...................................

Shareholder No.:....................................

Share Certificate No.:............................

Number of Shares: ...............................

Date: .....................................................